# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, असोज २८ गते २०६१ साल (अतिरिक्ताङ्क ३३(क)

## भाग ३

श्री ५ को सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सूचना

### प्रधानमन्त्री सहायता कोष (पहिलो संशोधन) नियमावली, २०६१

प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "प्रधानमन्त्री सहायता कोष (पहिलो संशोधन) नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ को नियम २ मा संशोधनः प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) नियम २ को खण्ड (ख) झिकिएको छ ।

नियम २ मा संशोधनः मूल नियमावलीको नियम २ को खण्ड (ख) झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ४. मा संशोधनः मूल नियमावलीको नियम ४. को उपनियम (२) को सट्टा देहायको उपनियम(२) राखिएको छ–

"(२) उपनियम (१) बमोजिम कोषबाट खर्च गरिने सहयोग रकम प्रधानमन्त्रीले तोकेबमोजिम हुनेछ।"

४. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छः–

"५ कोषको रकम उपलब्ध गराउनेः नियम ४ बमोजिमको आर्थिक सहयोगको रकम प्रधानमन्त्रीले तोकेबमोजिम उपलब्ध गराइनेछ।"

५. मूल नियमावलीको नियम ६. मा संशोधनः मूल नियमावलीको नियम ६. को उपनियम (२) मा रहेका "समितिको सदस्य-सचिव र प्रधानमन्त्री कार्यालयको" भन्ने शब्दहरूको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रशासन शाखा प्रमुख र" भन्ने शब्दहरू राखिएका छन्।

६. खारेजीः मूल नियमावलीको नियम ७, ९ र १० खारेज गरिएका छन्।

आज्ञाले,
उमेशप्रसाद मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।